
# सल्यानटारमा दुई सैनिकको हत्या र त्यसपछिको आतंक : माओवादीद्वारा मानवीय कानुनको उल्लंघनपछि उत्पन्न आतंकपूर्ण अवस्थामा स्थानीय जनसमुदायउपर सुरक्षाकर्मीबाट भएको ज्यादति




## सारांश

नेकपा (माओवादी) को सशस्त्र जत्थाले ०६२ साल असार ४ गते बिहान सवा ११ बजे धादिङ जिल्लाको सल्यानटार गाउँ विकास समिति वडा नं ८ विशालनगरमा दुई निहत्था सैनिक जवान दिलिप मुखिया र सुनील कुमार तामाङलाई किनमेल गरिरहेको अवस्थामा गोली हानी हत्या गरे। उक्त घटना मानवीय कानुनको ठाडो अवज्ञा मात्र थिएन, शान्तिपूर्ण जीवन यापन गरिरहेका सर्वसाधारणलाई ढाल बनाएर गरिएको आक्रमण समेत थियो। तर उक्त घटनाबाट खल्बलिएको शान्तिका कारण आहत जनतालाई स्थानीय प्रशासन र सुरक्षा निकायले आक्रोश र उत्तेजना प्रदर्शन गरी झन आक्रान्त तुल्यायो। आरुघाटको उल्लेखित घटनाक्रम नेपालको सशस्त्र द्वन्द्वमा सर्वसाधारण कतिसम्म अमानवीय ढंगले पिल्सिएका छन् भन्ने कुराको ज्वलन्त उदाहरण हो। दुई सैनिकको हत्याका सम्बन्धमा माओवादीका जिल्ला स्तरीय नेताको प्रतिकृयाका आधारमा उक्त पार्टी पंक्तिमा यससम्बन्धी जानकारी अत्यन्त न्यून रहेको देखिन्छ। स्थानीय प्रशासनको अकर्मण्यता, सुरक्षा निकायको होशबिनाको आक्रोश र माओवादीका स्थानीय नेतृत्वको अत्यन्त गैरजिम्मेवार अभिव्यक्तिलाई नियाल्दा आरुघाट वरपरका सर्वसाधारण भविष्यमा अझ बढी दोहोरो मारमा पर्न सक्ने प्रबल संभावना रहेको बुझिन्छ। दुई सैनिकको हत्यापछिको आतंकपूर्ण अवस्थामा राज्यले सल्यानटारका जनताको संरक्षण गर्ने दायित्वबाट आफूलाई विमूख तुल्याएको छ।




**सन्धि अनुगमन समन्वय समिति**

**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**



**२०६२ असार २४ गते, काठमाडौं**

# Summary



A group of armed Maoists shot dead two unarmed army persons Dilip Mukhiya and Sunil Kumar Tamang at Bishalnagar of Salyantar VDC-8, Dhading district on June 18, 2005 at quarter past eleven in the morning. The victims were shot dead while purchasing goods in the market. The incident was not only the direct violation of humanitarian law but also was an attack with civilians being used as human shields. In retaliation, the local administration and the security forces showed their wrath to terrify the citizens who were already suffering. The illustrated incident of Arughat is the burning example showing how the civilians are inhumanly sandwiched in the armed conflict in Nepal. The reaction from the district level Maoist leader in the killing of those two army persons shows that the party command has very less information about the incident.

With lack of sense of accountability in the local administration, fury of security forces and the irresponsible statement from the local Maoist leaders, most probably civilians in the surroundings of Arughat may further be crushed in future. The state has escaped from its responsibility of protecting civilians of Salyantar in the chaotic situation, raised after the killing of two army persons.

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**
**Secretariat INSEC, 8 July 2005**

**पृष्ठभूमि**

धादिङ जिल्लाको सल्यानटार गाउँ विकास समिति वडा नं ८ विशालनगरमा ने क पा (माओवादी)का सशस्त्र सदस्यहरूले सीमावर्ती गोरखा जिल्लाको आरुघाटस्थित संयक्त सुरक्षा क्याम्पमा कार्यरत दुईजना शाही नेपाली सेनाका जवानलाई निशस्त्र अवस्थामा ०६२ साल असार ४ गते बिहान सवा ११ बजे हत्या गरे। सिपाही दिलिप मुखिया र प्यूठ सुनील कुमार तामाङको त्यसरी बजारमा किनमेल गरिरहेको अवस्थामा हत्या गरिएपछि सुरक्षाकर्मी आक्रोशित बन्न पुगे। त्यसपछि सुरक्षाकर्मीले आरुघाटबजार गोरखा र धादिङ दुवैतर्फ बन्द गराई स्थानीय बासिन्दामाथि कुटपीट गरे। यही घटनाक्रमका सम्बन्धमा सत्यतथ्य पत्ता लगाउन मानवअधिकार सन्धि अनुगमन समन्वय समिति ( एचआरटीएमसीसी) को टोली २०६२ साल असार १४ गते घटनास्थल प्रस्थान गरेको थियो। टोलीले असार १४ गते देखि १७ गतेसम्म घटनाको स्थलगत अध्ययन गरी सम्बन्धित पक्षहरूबाट जानकारी लियो। अध्ययनको क्रममा पीडित, घाइते, प्रत्यक्षदर्शी, प्रशासन, सुरक्षा निकाय, उपचारमा संलग्न चिकित्सक तथा स्थानीय नागरिक समाजका प्रतिनिधिहरूसँग छलफल गरियो।

**अध्ययनको उद्देश्य**

(क) घटनाका सम्बन्धमा सत्य तथ्य पत्ता लगाउने
(ख) घटनाका सत्य तथ्य सहितको प्रतिवेदन तयार गर्ने

**तथ्य संकलन पद्धति**

(क) घटनाका सम्बन्धमा प्रारम्भिक त

थ्य संकलन,
(ख) घटनाका सम्बन्धमा प्रकाशित सामग्रीको अध्ययन,
(ग) घटनास्थलको पर्यवेक्षण,
(घ) घटनाका घाइते, अन्य पिडीत, प्रत्यक्षदर्शी, उद्धारकर्मी आदिसँग भेटगरी घटनाको विवरण संकलन,
(ङ) सुरक्षा निकाय, स्थानीय प्रशासन, स्थानीय नागरिक समाजका प्रतिनिधिहरूसँग घटनाका सम्बन्धमा छलफल गरी घटनाको विवरण संकलन।

**तथ्य संकलन टोली**

| | |
|---|---|
| लेखनाथ निरौला ( लक्ष्मी ) | इन्सेक, रिलेक |
| शशि पोखरेल | कोक्याप |
| सुशील श्रेष्ठ | हिमराइट्स |
| सीताराम अधिकारी | इन्सेक |
| केशव अधिकारी | रिलेक |
| केशव दुवाडी | गैसस महासंघ |
| गोपाल लम्साल | गैसस महासंघ |
| गोकर्ण रुपाखेती | सिनेट नेपाल |

**घटनाक्रमको संक्षिप्त विवरण**

**घटना नं**. १
घटना मिती : २०६२ साल असार ४ गते
समय : अन्दाजी बिहान ११: १५ बजे
घटनास्थल : धादिङ जिल्ला, सल्यानटार गाविस वडा नं ८, विशाल नगर
पीडक : नेकपा माओवादी

पीडित : शाही नेपाली सेनाका सिपाही दिलिप मुखिया र प्यूठ सुनीलकुमार तामाङ

**घटना नं**. २

घटना मिति : २०६२ साल असार ४ गते देखि अध्ययन अवधिसम्म

घटनास्थल : धादिङ जिल्ला सल्यानटार गाविस वडा नं ८, विशालनगर तथा गोरखा जिल्ला आरुघाट गाविस वडा नं १ र २

पीडक : संयुक्त सुरक्षा क्याम्प आरुघाट गोरखाका सुरक्षाकर्मी

पीडीत: स्थानीय सर्वसाधारण

**विवरण**

२०६२ साल असार ४ गते संयुक्त सुरक्षा पोष्ट, आरुघाट, गोरखाबाट छजना नि:शस्त्र सुरक्षाकर्मी सादा पोशाकमा धादिङतर्फ पर्ने आरुघाट बजारमा किनमेल गर्न गएका थिए। उनीहरूमध्ये दुईजना सुरेन्द्र श्रेष्ठको पसलमा किनमेल गरिरहेका र अन्य चारजना केही तलको अर्को पसलमा किनमेल गरिरहेका थिए। त्यसै समयमा दुईजना माओवादीले सुरेन्द्र श्रेष्ठको पसलमा किनमेल गरिरहेका शाही नेपाली सेनाका सिपाही दिलीप मुखिया र प्यूठ सुनील तामाङमाथि पिस्तोलबाट गोली हानी तत्कालै भागे। त्यसबाट सिपाही दिलीप मुखियाको तत्कालै घटनास्थलमा नै मृत्यु भयो। प्यूठ सुनील तामाङलाई स्थानीयबासीले उपचारको क्रममा गोरखातर्फको ब्यारेकभन्दा केही तल रहेको स्वास्थ्यचौकीमा पुऱ्याए। तर उपचारकै क्रममा उनको मृत्यु भयो।


त्यसपछि आक्रोशित सुरक्षाकर्मीको समूहले दुवैतर्फको बजारमा आई सर्वसाधारणलाई जथाभावी कुटपीट गर्ने, तोडफोड गर्ने काम गरे। गोरखा तर्फ पर्ने बजार असार ७ गते सम्म र धादिङ तर्फ पर्ने बजार असार १३ गते सम्म पूर्णत: बन्द गर्नुका साथै स्थानीयबासीलाई झ्याल, ढोका खोलेर बाहिर हेर्न समेत निषेध गरियो। यस क्रममा चार दिनसम्म विद्युतको लाइन समेत काटियो। घटना भएको आठ दिनसम्म पनि सर्वसाधारणलाई कुटपीट गरिएको थियो।

**घटनास्थलको विवरण**

गोरखा जिल्लाको आरुघाट बजार र धादिङ जिल्लाको विशालनगर बजारलाई बुढी गण्डकी नदीमाथिको झोलुंगे पुलले जोडेको छ। गोरखातर्फको बजारको केही माथिल्लो भागमा संयुक्त सुरक्षा क्याम्प रहेको छ। अध्ययन टोली असार १४ गते दिउँसो करीब साढे तीन बजे धादिङतर्फको बजारमा पुग्दा बजार पूरै बन्द रहेको थियो। केही बजारबासी आफ्नो घरको ढोका बाहिर उभिइरहेका थिए। टोली पुगेपछि तत्कालै जम्मा भएको बजारबासीको समूह सुरक्षाकर्मीले देख्ने डरले बाहिर बजार चोकमा उभिन डराएका थिए। बजारका केही पसलहरूमा मात्र साइनबोर्ड थिए। तीमध्ये पनि अधिकांश कुच्याइएका थिए। भाँचिएका बेञ्च र केही कुच्चिएर फालिएका साइनबोर्डहरू थुप्रै देखिएका थिए। बजारमा गाउँबाट आउने वा गाउँतर्फ जाने सामग्रीको ढुवानी नभएकोले दुध लगायतका खाद्यवस्तुको अभाव देखिन्थ्यो। बजार वरिपरिका बाटोघाटो पनि सुनसान देखिन्थे।

गोरखातर्फको बजार तुलनात्मक रूपमा केही बढी खुलेको देखिन्थ्यो। तैपनि बजारमा चहलपहल कमै थियो। बजारबासीहरू त्रसित र आतंकित देखिन्थे। पसल बाहिर भाँच्चिएका, कुच्चिएका फर्निचर, साइनबोर्ड र कतै कतै फुटेका कोकका बोतलहरू पनि थिए। बजारको तलपट्टि बुढी गण्डकीको किनारमा एउटा बेञ्चको टुक्रा फालिएको अवस्थामा देखिएको थियो।

**घटनास्थलको नक्सा**




**पीडित एवं प्रत्यक्षदर्शीहरूको भनाइ**
**सुरेन्द्र श्रेष्ठ**
(फेन्सी पसल व्यापारी)

२०६२ असार ४ गते शनिबार घटना भएको दिन म, मेरो एकजना कर्मचारी र श्रीमती पसलमा बसिरहेका थियौं। बिहानको समय प्राय: बजारमा व्यापारको लागि चहलपहल हुने भएकोले हामी सबै व्यापारमा व्यस्त थियौं। करिब बिहान ११ बजेतिर सादा पोशाकका दुईजना सुरक्षाकर्मीहरू कपडा किन्न हाम्रो पसलमा आए। कपडा किन्ने क्रममा हामीबीच केही समय कुराकानी भएको थियो। कपडा किनिसकेपछि प्याकिङ गरिएको सामानको पैसा लिन बाँकी थियो। पैसा निकालेर दिन लागेको बेलामा नौलो अनुहारका दुईजना मानिसहरू पसलमा पसे। उनीहरूलाई हाम्रो कर्मचारीले "हजुरहरूलाई के चाहियो ?" भनेर सोधे। तर उनीहरूले केही पनि नबोलिकन पिस्तोल निकालेर पैसा दिन

बसेका एकजना सुरक्षाकर्मीलाई कन्चटमा गोली हाने। उनी काउन्टर नजिकै ढले र तत्कालै उनको मृत्यु भयो। अर्काले फेरि दोश्रो सुरक्षाकर्मीलाई छातीमा गोली प्रहार गऱ्यो र उनी पनि पसलको पिलरको छेउमा ढले। ढलेर छटपटाइरहेको बेलामा उनलाई फेरि अर्को पनि गोली हाने। अकस्मात भएको यस घटनाबाट हामी निकै आत्तियौं। त्यसपछि म दौडेर सुरक्षा निकायलाई खबर गर्न गएँ। म फर्केर आउँदासम्म घाइते एकजनालाई हाम्रा स्थानीय बासिन्दा साथीहरूले स्वास्थ्यचौकी लगिसकेका थिए। अस्पताल पुऱ्याइएका सेनाका सिपाहीको उपचार गर्दागर्दै मृत्यु भएको खबर सुन्यौं। हाम्रो पसलभित्र रगतको आहाल बगेको थियो। पछि संयुक्त सुरक्षा फौजका सिपाहीहरू आएर मृतकको लास लिएर गए। त्यसपछि हामीले निकै मानसिक यातना पायौं। घटना हुनासाथ विशालनगर आतंक र त्रासले बन्द भइसकेको थियो। दिउँसो सेनाका केही सिपाहीहरू हाम्रो घरमा आए। उनीहरूले "तिमीहरू आफै मिलेर घटना गराएको हो, चार-पाँच दिनसम्म माओवादीहरूलाई पालेर राखेका थियौ" भन्दै मलाई र कर्मचारीलाई लठ्ठी र बुटले कुट्न थाले। मेरो बुबा र श्रीमती संगीता श्रेष्ठलाई पनि अभद्र व्यवहार गर्नुका साथै कुटपीट गरेका थिए। त्यो दिनदेखि हामीलाई झ्याल ढोका पनि खोल्न नदिइकन घरभित्रै सीमित तुल्याइएको छ। बजारका सबैलाई यसरी नै बाहिर निस्कन नदिई कुटपीट गरिएको छ। अहिले आलोपालो गरी हरेक दिन पाँच-छजना बेस क्याम्प हाजिर हुन जानु पर्छ। अहिले तपाईंहरू आउनुभएपछि ठूलो राहत मिलेको छ। तर तपाईंहरू फर्किसकेपछि फेरि के हुने हो भन्ने कुरामा डर लागिरहेको छ।

**जीतेन्द्र श्रेष्ठ**
(स्थानीय बासिन्दा)

म घरमै थिएँ। बाहिर गोली चलेको आवाज सुनेर हतारिँदै बाहिर निस्कें। गोली हानेपछि दुईजना माओवादी त्यहींबाट पिस्तोलमाथि ठड्याउँदै माथि डाँडातिर भागे। अर्को एकजना अलिमाथि बसेको रहेछ, ऊ पनि भाग्यो। दुईजना गोली लागेर ढलिसकेका थिए। उनीहरूलाई पानी खुवायौं। स्ट्रेचरमा हालेर एकजना घाइतेलाई पारी हेल्थपोस्टमा पुऱ्यायौं। अर्को एकजना पानी खुवाएपछि मरिसकेको थियो।

उता घाइतेलाई पुऱ्याएर फर्किंदा बजार बन्द भइसकेको थियो। बजारको चोकमा आर्मी थिए। मलाई उताबाट आउँदै गरेको देखेपछि बोलाएर मुड्की समेतले पीटे। भोलिपल्ट आर्मीले हाम्रो घरको ढोका नै फुटाईदिए र पसलको साइनबोर्ड फालिदिए।

**कृष्णबहादुर श्रेष्ठ**
(जनस्वास्थ्य निरीक्षक)

त्यसदिन बिहानैदेखि म स्थानीय एकजना साथीको घरको विवाहमा थिएँ। बिहान करिब ११:३० बजेतिर मानिसहरू दौडेको र "बाहिर ननिस्की" भनेर कराएको सुनें। म बाहिर निस्केर हेर्दा एउटा कुकुर र दुईजना मानिसहरू दौडेको देखें। मान्छे मारिएको भन्ने सुन्नासाथ आफू स्वास्थ्यकर्मी भएको कारणले केही गर्न सकिन्छ कि भनेर घटनास्थल तर्फ लागें। घटनास्थल सुरेन्द्र श्रेष्ठको पसलमा पुग्दा दुईजना मानिसहरू लडिरहेको देखें। त्यस मध्ये एकजना छट्पटाइरहेको र अर्कोको मृत्यु भइसकेको थियो। छटपटाइरहेको एकजनाको लागि केही गर्न सकिन्छ कि भनेर म औषधी लिन पसलतिर दौडिएँ। पसलमा पुग्दा अरु स्थानीयबासीहरूले स्ट्रेचर लगिसकेका रहेछन्। त्यसपछि म फेरि घटनास्थल तर्फ दौडिएँ। त्यहाँ पुग्दा स्थानीयहरूले घाइतेलाई अस्पताल लगिरहेका थिए। घाइतेको घाँटीबाट गोली छिरेर कानबाट निस्केको र अर्को गोली छातीमा लागेको थियो। अन्दाजी २५-२६ वर्षको सो केटालाई मैले स्लाइन पानी दिएर प्राथमिक उपचार गरें। स्लाइन पानी दिएको पाँच मिनेटपछि नै उनको मृत्यु भयो।


त्यसपछि संयुक्त सुरक्षा निकायका सिपाहीहरूले यहाँको बस्तीमाथि नै आक्रामक रूपमा आफ्ना क्रियाकलापहरू सञ्चालन गरे। बजार बन्द गराउने, बाटोमा हिँडिरहेका, घरमा बसिरहेका महिला, बालबालिका र वृद्धमाथि पनि कुटपीट गर्ने कार्यहरू गरे। भोलिपल्ट म र मेरो कर्मचारीमाथि पनि गस्तिमा रहेका सेनाका सिपाहीहरूले बन्दुक तेर्साएका थिए। बजार बन्द गर्न, आवतजावत नगर्न, घरमा बस्दा पनि झ्याल ढोका नखोल्न र गाउँ छोडेर नजान आदेश दिएका थिए। उनीहरूले गस्तिमा रहँदा पसलका साइन बोर्डहरू, टेबुलहरू फाल्ने भाँच्ने लगायत पसलका ढोकाहरू फोड्ने कार्यहरू गरेका थिए। मैले पनि आफ्नो मेडिकल स्टोर असार ११ गतेसम्म बन्दै गरेको थिएँ। सेनाले तोकेको तारेखमा दुईचोटि गएर हाजिरी गरेर आइसकेको छु।

**उदय श्रेष्ठ**
(औषधी व्यवसायी)
घटनाको भोलिपल्टदेखि नै सुरक्षाकर्मीहरूले पसलहरू बन्द गराएका थिए। मैले आफ्नो मेडिकलमा आएका दुईजना बिरामीहरूको उपचार आधा सटर खोलेर गरिरहेको बेलामा एक्कासी आएर ...पसल किन खोलिस् ? भनेर ममाथि कुटपीट गरी पसल बन्द गराएका थिए। त्यसपछि म घरमा टि.भी हेरेर बसेको बेलामा करिब तीन बजेतिर बाहिर बोलाएर सेनाले करिब २० मिनेट सम्म कुटपीट गरेका थिए। म एकजना स्वास्थ्यकर्मीमाथि किन आक्रमण गरियो थाहा छैन। तर मसँग भएको मोटरसाइकल उनीहरूले बेला बेलामा माग्ने गरेको र नदिएको रिसको कारणले मलाई कुटपीट गरेको हुनसक्छ।

मेरो घरका महिला माथि पनि कुटपीट भएको छ। कुटपीट पछि म बेहोश जस्तै भएँ र उनीहरूसँग स्वीकृति लिएर काठमाण्डौंमा उपचारको लागि गएँ। काठमाण्डौको मेडिकेयर अस्पतालबाट मेरो देब्रे कानको जालीमा दुईवटा प्वाल परेको रिपोर्ट दिएको छ। कम्मरमा अझै पनि बेल्ट बाँधेर बसेको छु। कानको उपचारको लागि करिब ४० हजार लाग्छ। त्यो पैसा कसले दिन्छ ? सो घटनापछि सम्पूर्ण आरुघाट बजार नै आतंकमा बाँचेको छ। अमर डिनको मोटरसाइकलमा सेनाले क्षति पुऱ्याएको छ। वसन्त श्रेष्ठको पसलबाट ल्याइएका कोकाकोलाका बोतलहरूले पनि मान्छेमाथि हानिएको छ। आषाढ १२ गतेसम्म पनि रमेश श्रेष्ठमाथि आक्रमण गरिएको छ। हाम्रो क्षेत्रमा माओवादी र सेना दुवैले दुःख दिएका छन्।

**ज्ञानप्रसाद अधिकारी**
(स्थानीय बासिन्दा)
घटनास्थल (सुरेन्द्रको पसल) पुगेर घर फर्कदै थिएँ। चोकमा जीवन श्रेष्ठलाई कुटिरहेको देखेँ। अचानक एकजनाले मलाई च्याप्प समात्यो र केही पनि नभनी मुड्की र बुटले कुट्न थाल्यो। अहिले पनि पूरै ज्यान दुखिरहेको छ। औषधी खाइरहेको छु। तीन दिनसम्म यता न उता भएर बसियो। कसैसँग केही सोध्नु छैन, केही भन्यो भने झन् चुट्ने गर्थे। परिवारको एक जनाले पिटाइ खाएको आफुले हेर्नु पर्ने , केही भन्न नपाइने भयो। हाल स्कुल त खुलेको छ, तर केटाकेटी एकदमै डराएका छन्।

बिजुलीको लाइन असार ७ गते बाटनै काटिएको थियो। अब यसरी नै कसरी बस्ने हो ! अब बाहिर निस्कन पाउनु पऱ्यो। होइन भने यसरी मर्नु भन्दा बजारका सबै घरको चाबी लगेर माथि ब्यारेकमा नै बुझाइदिऊँ र गाउँ छोडौं भन्ने मनस्थितिमा पुगेपछि करिब १५ जना महिला र २५ जना जति पुरुष भएर एउटा लिखित निवेदन लिएर ब्यारेकमा कुरा गर्न गयौँ। पानी परिरहेको थियो। दिनभरि कतिखेर बोलाउने हो भनेर तलै कुरेर बस्यौं। पछि करिब चार बजेतिर ब्यारेकको मुख्य व्यक्तिसँग कुरा भयो। हामीले पसल खोल्न र बाहिर निस्कन पाऊँ भनेर अनुरोध गऱ्यौं। त्यसपछि



**बन्द रहेको विशालनगर बजार**

भोलिपल्ट बिहान नौ बजेदेखि दुई बजेसम्म पसल खोल्न भनियो। तर हामी त्यहाँ कुरा गर्न गएकाहरूमध्ये दिनको दुइ जनाको दरले ब्यारेकमा अनिवार्य रूपमा हाजिर हुन जानुपर्ने आदेश जारी गरियो। त्यसै अनुरूप ब्यारेकमा उपस्थित भैरहेका छौं। अहिले पनि त्यही तोकिएको समय बाहेक अरु समय बाहिर निस्कन पाइँदैन।

**राजेन्द्र अधिकारी**

(स्थानीय बासिन्दा)

मेरो घर मुख्य घटना भएको घटनास्थलको ठीक पारिपट्टि पर्छ। चार गते बिहान खाना खाँदै थिएँ, गोलीको आवाज सुनेर बाहिर निस्कँदा दुईजना ढलिसकेका रहेछन्। स्ट्रेचर ल्याएर एकजना घाइतेलाई पारि पुऱ्यायौं। हामी फर्केर आउँदा बजार बन्द भइसकेको थियो। म पनि घर गएर बसें। भोलिपल्ट झ्यालढोका सबै बन्द गरेर बसेका थियौं। तलबाट सेनाले ढोका घचघच्यायो। त्यसपछि म आफै ढोका खोल्न आएँ। मलाई देख्नासाथ भित्रैबाट थुतेर एकजना सेनाले लात्ती, मुड्कीले कुट्यो र एकछिनपछि छोडिदियो। लात्तीले हान्दै फाल्दै गर्दा घर बाहिर राखेका कोकका बोतल, क्रेट, बेञ्चहरू, साइनबोर्ड समेत फुटाए। छ गते बिहान लप्टन रुद्र पाण्डे आएर घटनास्थल हेरे। त्यसपछि पसलधनी सुरेन्द्र श्रेष्ठ र छिमेकीहरू सुन्दर श्रेष्ठ, बलबहादुर, आयतुल खमिद मियालाई बाहिर बोलायो र लाइन लगायो। उनीहरूलाई गाली गर्दै घरि पिस्तोल ताकेर घरि पिस्तोलको गोली निकालेर देखाउँदै थियो।

**जीवन श्रेष्ठ**


(स्थानीय बासिन्दा)

म मेरो पसलमा बसिरहेको थिएँ। गोलीको आवाज र हल्ला खल्ला सुनेर हेर्न गएँ। एकजना घाइतेलाई पारितिर लगेपछि एक हुल सैनिकहरू दौडिँदै आए र माथितिर गए। म डराएर पसल बन्द गर्न फर्किन लागेको थिएँ। त्यही आएको एकजना सैनिकले यो पसल बन्द गर्नु अरु पसल बन्द गर्नुपर्दैन भनेको थियो। म घरतिर फर्किंदै गर्दा माथितिर गएका सैनिकहरू फर्किएर चोकमा आइपुगेका रहेछन्। मलाई देख्नासाथ एकजनाले बोलायो र कहाँजान लागेको हो , घर कहाँहो भनेर सोध्यो। मैले भन्दा भन्दै लछारपछार पारेर माओवादी किन समातिनस् भन्दै कुट्न थाले। एकजनाले मेरो कठालोमा समातेर अलि तल हुत्याइदियो र अनि घर भित्र पस्न लागेका ज्ञानप्रसादलाई समातेर उहाँलाई कुट्न थाल्यो।मलाई चाहिँ हुत्तिएकै ठाउँमा अर्को सेनाले समातेर फेरि कुट्न थाल्यो।

**चामनारायण श्रेष्ठ**

(स्थानीय बासिन्दा)

सात गते बिहान घरको माथिल्लो तलाको चोटामा बसिरहेको थिएँ। मलाई देखेपछि सेनाले ढोका घचघच्याएर “तल



**गोर्खाको आरुघाट र धादिङको विशालनगर बजार**

झर्" भने। म डराएर एकछिन ढोका नखोली बसेको थिएँ। ढोका नै फुटाइदेला जस्तो गरी ढोकामा हाने। त्यसपछि मैले श्रीमतीलाई ढोका खोलिदिन भनें। ढोका खोल्नासाथ मलाई "किन ढोका खोलिनस् ?" भन्दै भित्रबाट बाहिर ल्याएर कुट्न थाले। दिउँसो रुद्र पाण्डे आउनु भएको थियो। उहाँको आवाज सुनेर म बाहिर निस्कें। व्यापार त बर्बाद भयो, यस्तो गर्मीमा जस्ताको छानामुनि झ्याल पनि खोल्न नपाउने, दिसापिसाव पनि गर्न नपाउने हो भने कसरी बस्ने भन्ने कुरा गर्न लागेको थिएँ। उनीहरूले अचानक "तिमीहरू सबै माओवादी हौ, तिमीहरू सबैलाई बजारबाटै बिस्थापित गरिदिन्छु" भन्दै गाली गर्न थाले।

**राधा श्रेष्ठ**
(स्थानीय बासिन्दा)
साइनबोर्डहरू फाल्दै आउँदा एक जना सेनाको हातमा काटेको रहेछ। हामी मेडिकल बन्द गरेर बसिरहेका थियौं। बाहिरबाट ढोका ढक्ढकाए। म आएर ढोका खोलिदिएपछि श्रीमान उदय श्रेष्ठले काटेको ठाउँमा चारवटा टाँका लगाइदिनुभयो। त्यस पछि हामी फेरि ढोका लगाएर बस्यौं। एकछिनपछि फेरि अर्को टोलीले आएर ढोका घच्घच्यायो। त्यस्तै केही काटेको होला भनेर मैले ढोका खोलिदिएँ। तर उनीहरूले श्रीमानलाई बाहिर लगेर कुट्न थाले। म कराउँदै बाहिर निस्कन लागेकी थिएँ, पिस्तोल ताकेर मलाई ढोकाभित्र हुलेर एकजना सेनाले सटर लगाइदियो। श्रीमानलाई पिटेर सख्त पारेपछि उनीहरू गए। मैले उहाँलाई भित्र लगेर स्लाइन पानी दिएर राखेकी थिएँ, दुइ जना सेना आएर "डाक्टर खोई ?" भनेर सोधे। उनीहरूमध्ये एकजनाको हात काटेको रहेछ। म आफैले ड्रेसिङ गरिदिएँ। उनीहरू "ढोका लगाएर भित्रै बस्नू" भनेर गए। मैले बाहिर निस्केर ढोका लगाउन लागेकी थिएँ, उताबाट आएको अर्को टोलीले उतैबाट कोकको बोतलले मलाई हान्यो। बोतलले लागेर मेरो खुट्टामा काटेको छ।

**शिवबहादुर श्रेष्ठ**
(खानेपानी कार्यालयका पियन)
चार र पाँच गते हाम्रो योजना सञ्चालनसम्बन्धी तालिम थियो। चार गते नै त्यस्तो घटना भएपछि अब के गर्ने होला भन्ने भएको थियो। तर ओभरसियर सरले "सुरक्षा निकायलाई पनि हामीले बोधार्थ पत्र दिइसकेका छौं, केही हुँदैन, सरासर आफ्नो काम गरौं" भन्नुभयो। पाँच गते करिब साढे दुई बजेतिर हाम्रो तालिमको कार्यक्रम सकिएर बिदाइ गर्न लागेका थियौं। त्यतिबेला कार्यालयमा तालिम लिने ४० जना बाहेक पुस्तकालयमा यहीं बजारको एक जना



**सुरक्षाकर्मीबाट कुटपिट गरी घाइते बनाइएका औषधी व्यवसायी उदय श्रेष्ठ**

पढिरहनुभएको थियो। अकस्मात एक हुल सेना पसेर "उता हाम्रो साथी मर्ने, तिमीहरू चाहिँ यहाँ आनन्दले तालिम गर्ने !" भन्दै सबैलाई बाहिर निस्कन लगाए। सेना पसेको देखेपछि पुस्तकालयमा बसेका मान्छे झ्यालबाट हाम फालेर भागेछन्। म अर्कोतिरको ढोका बन्द गर्दै थिएँ। बाहिर हामी सबैलाई लाइन लगाएर जथाभावी पिट्न लाग्यो। धादिङ सदरमुकामबाट आउनुभएको ओभरसियरले परिचयपत्र देखाउँदा पनि पीटे। महिलाहरू जति सबैलाई पठाइदिए। पुरुषहरू जतिलाई "तिमीहरूनै हो माओवादी पाल्ने" भन्दै सबैलाई पीटे।

**टेकबहादुर श्रेष्ठ**
(भू.पु सैनिक)
असार ४ गते डोरी पुऱ्याउन धादिङबेसी गई ६ गते बेलुकी घर आएको थिएँ। आउँदा डरलाग्दो अवस्था थाहा पाएँ। असार ७ गते २:०० बजेको समयमा वस्तुभाउलाई घाँसपानी गरेर गोठबाट घर आउँदै गर्दा चार-पाँचजनाको समूहका शाही सेनाका सिपाहीहरूले बोलाए। मुख छाड्न थाले।

आफूले म पनि भू.पु आर्मी हुँ भन्दा "तँ गुन्द्रुके जिम्मु, के को आर्मी" भन्दै गालीगलौज गरे। छ फिट लामो बाँसको लौराले मेरो दायाँ हातमा पिट्दा कान्छी औँला दोब्रियो। त्यसपछि फेरी बायाँ हातमा पनि हिर्काए। पुनः बुटले हिर्काए। गालामा हातले पनि हिर्काए। त्यसपछि अर्को मान्छे भएतिर झम्टिए। अहिले हातमा पट्टी बाँधेको छु। काम गर्न सकिँदैन। मेरो दायाँ हातको कान्छी औँला काम नदिने अवस्थामा छ।

**रामचन्द्र श्रेष्ठ**
(स्थानीय बासिन्दा)
गर्मीको कारण २०६२ असार ७ गते मेरो चिया पसल अगाडि पेटीमा बसिरहेको थिएँ। दुई बजे समीर गुरुङ सहित पाँच जनाको टोली चोकमा आएर मलाई बोलायो। त्यसपछि "तँ किन बाहिर निस्किएको ? माओवादी पाल्ने तिमीहरू नै हौ" भन्दै लौराले ढाडमा हाने। छेक्न खोज्दा हातमा समेत चोट लागेको छ। पाँच-छ पटक हानिसकेपछि भाग्न भने र म घर गएँ। त्यसपछि फेरि भगवान श्रेष्ठलाई बोलायो।



**हत्या गरिएको स्थल (कपडा पसल भित्र)**

**भगवान श्रेष्ठ**
(१६ वर्षीय स्थानीय बासिन्दा)
रामचन्द्रलाई बोलाएर समीर भन्ने एक जना सुरक्षाकर्मीले पेस्तोल ताकेर धम्क्याउँदै अलिपर गयो। त्यसपछि अर्को सिपाहीलाई पठायो। हात, खुट्टा दुवै टेकेर भेडा बनी बाहिर दौडन लगायो। दौडन नसक्दा बाँसको लौराले ढाडमा पीटे। बुटले पनि फिलामा हिर्कायो। अहिले पनि सिपाही केटाहरू देख्ने बित्तिकै पीट्ने गर्दछन्। सात गते सो समूहले साइनबोर्ड फोड्ने, बेन्च भाँच्ने लगायत तोडफोडका कार्यहरू गरे। ढोकामा लात्ताले हानेकोले एउटा ढोका फुटेको छ। आफुलाई चाहिएको सामान आफै लाने, फर्सीको मुन्टा तरकारी आफै टिप्दै लाने, सामानको पैसा नदिने ! जुत्ता समेत लगे।

**अमरदीप श्रेष्ठ**
(१७ वर्षीय स्थानीय बासिन्दा)
असार ४ गते दिउसो ४.०० बजे आफ्नो घरको तलामा बसेर खाजा खाइरहेको थिएँ। तल बोलाए। आमाबुवासँगै आउनुभयो। बुवाआमालाई गलहत्याउँदै भित्र जान भनी ढोका बन्द गर्न लगाए र मलाई बाँसको लौराले, बुटले एकलात छातिमा हिर्काए। मुक्काले पनि हाने।

**भगवती श्रेष्ठ**
(स्थानीय बासिन्दा)
म काठमाण्डौं गएकी थिएँ। आउँदा बाहिरको खाट तल काल्नामा भाँचेर फालिदिएका रहेछन्। अगाडिको त्रिपाल च्यातिदिएछन्।

**नेत्र प्रसाद श्रेष्ठ**
(स्थानीय बासिन्दा)
मेरो घरको तिनतलामाथि रहेको झ्यालको सिसा ढुङ्गाले हानेर फुटाइदिए।

**बिलप्रसाद श्रेष्ठ**
(स्थानीय व्यापारी)
आरुघाट बजारमा किराना पसल चलाउँदै आइरहेको छु। घटना भएको बेला म छिमेकीको घरमा विवाहमा गएको थिएँ। चार गते सबा ११ बजेतिर उक्त घटना भएको रहेछ। घटना भएको थाहा पाउनासाथ विवाह घरबाट म लगायतका १०-१२ जना मान्छेहरू दौडिँदै घटना भएको सुरेन्द्रको पसलमा पुग्दा दुईजना युवाहरू रगताम्मे भएर लडिरहेको देखेपछि म नजिकै गएर एकजनालाई चलाएँ। जीवितै रहेको पाएँ। अर्को एकजनाको मृत्यु भइसकेको रहेछ। घाइते भएको एकजना सैनिक सुनील  तामाङलाई तत्काल स्ट्रेचरमा राखी साथीहरू राजेन्द्र अधिकारी, बाबुकाजी थापा, प्रेमबहादुर श्रेष्ठ, पूर्णबहादुर श्रेष्ठ र मैले पारीपट्टीको उदय मेडिकलमा पुऱ्यायौं। उपचारको क्रममा आरुचनौटे इलाका प्रहरी कार्यालयका इन्सपेक्टरलाई घाइते जिम्मा लगाएर फर्कने क्रममा साथीहरूमाथि सुरक्षाकर्मीले कुटपीट गरे।

घाइते भएका र मृतक दुवैको कन्चट, गर्धन र कोखामा तीनवटा गोली लागेको थियो। घटनापछि सुरक्षाकर्मीहरू आक्रोशित भई बजारमा हिँडिरहेका सर्वसाधारण केटाकेटी, महिला, सरकारी कर्मचारी र जो भेटिन्छन्, तिनैलाई पीट्दै सर्वसाधारणलाई आतंकित बनाउन थालेपछि बन्द भएको बजार आज असार १५ गतेसम्म पनि राम्रोसँग खुल्न सकेको छैन।

असार ६ गतेदेखि १० गतेसम्म धादिङ आरुघाटपट्टीको विद्युत लाइन पनि काटियो। घटनापछिको स्थिति सामान्य बनाउन स्थानीय बासिन्दाबाट गरिएको पहल असफल भयो। बजार खुलाउन गएका व्यापारीहरूलाई उल्टै तारिखमा राख्ने काम भयो। घटनाका बारेमा जानकारी लिन कुनै पनि बेला घटनास्थलका वरिपरि घरधनीहरूलाई बोलाउन सकिने भन्दै घर नछाड्न भनिसकेकाले घर छोडेका छैनौं।

घटनापछि भूतपूर्व सैनिक र प्रहरीहरूमाथि विशेष निगरानी राख्ने र बारम्बार पीट्ने काम भइरहेको छ। माओवादीहरूले पनि एउटा व्यक्तिको घरभित्र पसेर निशस्त्र मान्छेलाई मारेर गर्नै नहुने काम गरे।

**पूर्ण बहादुर श्रेष्ठ**
(स्थानीय व्यापारी)
मेरो छजनाको परिवार छ। असार ४ गते म पसलमा नै बसिरहेको थिएँ। घटना भएको बजारमा हल्ला फिँजिएपछि छिमेकी साथीहरूसँगै म पनि घाइतेको उपचारमा संलग्न भएको हुँ। उपचारको क्रममा घाइते सुरक्षाकर्मीको मृत्यु भएछ। एकजनाको पहिल्यै मृत्यु भइसकेको थियो। सुरक्षा फौजले मलाई पनि कुटपीट गरे।

**ज्ञान प्रसाद श्रेष्ठ**
(स्थानीय विद्यालयका पियन)
म भीमोदय उच्च मावि, आरुघाट, गोरखाको पियन हुँ। असार ५ गते बिहान घरबाट विद्यालय जान भनेर हिँडिरहेको थिएँ। सुरक्षाकर्मीहरूसँग भेट भयो। उनीहरूले "कहाँ जान लागेको ?" भनेर सोधे। मैले विद्यालय भनेर जवाफ दिँदै थिएँ, त्यसैबेला एउटा केटोले मलाई च्यापु, गाला, टाउको र ढाडमा जताततै कुट्यो। त्यसपछि अर्कोले "यहाँ आइज" भनेर बोलायो। म दमको रोगी भएकोले छिटोछिटो जान सकिनँ। त्यसपछि अर्कोले फेरि भूइँमा लडाएर थिचेर पीट्यो। म बूढो मान्छेलाई नपीट्नुहोस भनेर कति अनुरोध गरेँ, तर उनीहरूले मेरो कुरा सुन्दै नसुनी पीटिरहे। मलाई किन पीटेका हुन् भन्ने कुरा अझै पनि बुझ्न सकेको छैन। मलाई परेको अन्यायको निष्पक्ष छानबिन होस्।

**व्यक्ता तामाङ्ग**
(मजदुर)
हामी जाली भर्ने काम गरिरहेका थियौँ। असार ५ गते दिउँसो गर्मी भएर पानी खान निस्केका थियौँ। गस्तीमा हिंडेको सेनाले मलाई "यहाँ आइज" भनेर बोलायो। मसँग सार्की तामाङ्ग पनि संगै थियो। अरुलाई पनि कुटेको थाहा पाएकोले हामी उनीहरूको छेउमा जान डरायौँ। त्यसपछि हामीलाई लखेट्दै लगेर बाँसका लठ्ठी र बुटले हिर्काउन थाले। मेरो र सार्की तामाङ्गको जीउभरि निलडाम र घाउहरू छन्। हामी त काम गरेर खाने मजदुर हौँ। हाम्रो के गल्ती थियो र ! तैपनि कुटाइ खानु पऱ्यो।



**सुरक्षाकर्मीद्वारा कुटपिट पछि तोडफोड गरिएका साइनबोर्डहरु**

**वीरबहादुर लामा**
(मजदुर)
चार गतेको घटनाबारे हामीलाई त्यति थाहा भएन। भोलिपल्ट हामी जाली भर्ने काम गरिरहेका थियौं। बिहानको खाना खाएर बजार छेउमा शीतलमा बस्न लागेका थियौं, पाँचजना सैनिकहरू आएर अचानक मेरो ढाडमा बुटले हाने। म त कुल्ली हो हजुर भन्दा पनि सबैले "मुखमुखै लाग्छस् ? गोली हानिदिऊँ !" भन्दै बन्दुकको कुन्दैकुन्दाले हाने। त्यसपछि बाहिर जान नपाएर पिसाब पनि बोतलमा गर्नु पर्ने भयो। ढाडभरि घाउ भएको छ। हामी सबै साथीहरूलाई नराम्ररी चुटे।

**पारस ढकाल**
(द्वितीय प्राविधिक, जिल्ला खानेपानी कार्यालय, धादिङ)
विशालनगरमा खानेपानीको निर्माण चरण अगाडिको तालिम २०६२ असार ४ देखि ९ गतेसम्म सम्पन्न गर्न जिल्ला प्रशासन कार्यालय धादिङको स्वीकृति लिएर गएका थियौं। चार गते तालिम भइरहेको थियो, बाहिरबाट सेनाले घेरा हालेछन्। त्यसपछि "किन पहिल्यै जानकारी नदिएको ?" भनेर बेलुका पाँच बजेतिर नामलिस्ट लिएर आउन भने। उनीहरूले भने बमोजिम नै बेलुका लगेर लिस्ट दियौं। पाँच गते करिब १२ बजेतिर सेना फेरि आए। "तिमीहरू नै हो माओवादीलाई खाना खान दिने, पाइप दिने" भन्दै गाली गरे। हामीले "यहाँ त सबै उपभोक्ताहरू मात्र छन्, अरु कोही छैनन्" भन्यौं। उनीहरूले हामी सबैलाई बाहिर निकालेर पुरुष र महिलाको दुईवटा लाइन लगाए र पुरुषहरूलाई पालैपालो कुटे। "अहिलेको अवस्थामा जो आए पनि छोड्दैनौं" भन्दै कुटे। उनीहरूले कुटिरहँदा मेरो परिचयपत्र खस्यो र एक सैनिकले टिपेर राख्न दिए। हामीले तालिम त्यही दिन सिध्यायौं र फर्कियौं।

**कृष्णकुमारी कार्की**
(६२ वर्षीया स्थानीय बासिन्दा)

मलाई "किन ढोका नलगाएको ?" भनी बन्दुक ताके। घर बाहिर रहेको बेञ्च भाँचिदिए।

**प्रत्यक्षदर्शीहरूका भनाइ**

**मनोज धमला**
गोली चलेपछि एक हुल सेना दौडिदै आए र बजारबाट अलि माथि सम्म पुगे। त्यसपछि फर्केर बजारमै आएर जथाभावी पीट्न, गाली गर्न थाले। हामी हतार हतार झ्याल ढोका बन्द गरेर भित्र पस्यौं। सेनाहरू पनि एक पक्षले ढोका खोले हुन्छ भन्थ्यो, अर्कोले किन खोलिस भनेर पीट्न थाल्थ्यो। त्यसो भएपछि हामी ढोका बन्दै गरेर बस्यौं।

**श्यामराज थापा**
चार गते म आफ्नै पसलमा बसिरहेको थिएँ। वरिपरि घरका मानिसहरूले "सुरेन्द्रको पसलमा मान्छे माऱ्यो" भन्ने हल्ला सुनें। पसल छोडेर दौडिंदै त्यहाँ पुग्दा २०-२२ वर्षका दुईजना केटाहरू रगताम्मे भएर लडेका रहेछन्। बिलप्रसाद दाइले "एक जनाको मृत्यु भएको छैन, पारि अस्पताल पुऱ्याऊँ" भन्नुभएपछि म र अरु केही साथीहरू मिलेर उनलाई स्वास्थ्य केन्द्रमा पुऱ्याएका हौं। घाइतेको उपचार हुँदाहुँदै मृत्यु भएछ। सुरक्षाकर्मी आएर अन्धाधुन्ध रूपमा




**माओवादीद्वारा हत्या गरिएका दिलिप मुखिया र सुनिलकुमार तामाङ**

मान्छे पीट्न थाले। म चाहिँ बल्ल बल्ल जोगिएर घर आएँ। म घर आइपुग्दा बजार सबै बन्द भइसकेको थियो।

चार गतेको दिन डर र त्रासमै बित्यो। राती बिजुली पनि बलेन। भोलिपल्ट पाँच गते मेरो छोरा राम थापाको गोरखाको तान्द्राङमा विवाह थियो। घरबाट दुलाहा अन्माएर हिँडेपछि विवाह घरमा सुरक्षाकर्मीले जग्गे तोडफोड गरेछन्। गाग्री तथा कुर्सी भाँच्दै गालीगलौज समेत गरेछन्। बेलुका फर्कदा त घर सुनसान थियो। बजारका सबै घरहरू बन्द गराइएको थियो। एउटा घरको मान्छे अर्को घरमा जाने त छोडौं, आफ्नै घरको बाहिर निस्कन पनि पाएका थिएनन्। हामीलाई सुरक्षाकर्मीले माओवादीलाई नसमाएको भनेर आरोप लगाएको छ।

**पुतलीमाया घले**

(सुरक्षाकर्मीबाट कुटिएका १२ वर्षीय बालककी आमा)
मेरो श्रीमान भूतपूर्व सैनिक हुनुहुन्छ। चार गतेको घटनापछि बन्द भएको बजार भोलिपल्ट पनि खुलेको थिएन। घरभित्र ट्वाइलेट नभएकोले पाँच गते म दिसा पिसाब गर्न घर बाहिर निस्केकी थिएँ। म निस्केको देखेर १२ वर्षको छोरो मनबहादुर घले पनि बाहिर निस्केको थियो। भित्र १५ वर्षकी छोरी कुमारी घले मात्रै थिई। बाहिरबाट सेना दौडिँदै आएको देखेपछि छोरीले हतारिएर भित्रैबाट ढोका बन्द गरिछ। सुरक्षाकर्मीले ढोका ढक्ढकाएपछि ऊ डराएर खाटमुनि लुकिछ। धेरैबेर ढोका घच्घच्याउँदा पनि नखोलेपछि लात्तीले हानेर सेनाले ढोका नै  फुटाइदिए। घर भित्र कोही नदेखेपछि बाहिर निस्कँदा म चर्पीबाट घर आउँदै थिएँ। छोरा पनि मसँगै थियो। हामीलाई त्यहाँ देख्नासाथ मेरो हात समाइरहेको बालक छोरालाई तानेर जथाभावी कुट्न थाले। मैले कति बिन्ती गर्दा पनि सुनेनन् र छोरालाई कुटिरहे। त्यति सानो मेरो छोराको के दोष थियो र बिचरा ! यत्तिकै कुटाइ खानुपर्‍यो।

**बुद्धिमान अमात्य**

गोरखातिर पर्ने आरुघाट बजारमा मेरो एउटा मेडिकल पसल छ। औषधी पसल भएकोले जुनसुकै बेला पनि सहयोग गर्नु मेरो कर्तव्य हो। पाँच गते मैले औषधी पसल खोलेको थिएँ। सुरक्षाकर्मीको समूह उताबाट कुटपीट गर्दै मेरो पसलतिर आए। उनीहरूले बाहिर भएका साइनबोर्ड, कोकका बोतलहरू, बेन्च लगायतका फर्निचरहरू तोडफोड गर्दै आएका थिए। मेरो पसलमा आएर सुरक्षाकर्मीले बाहिर राखेका बेन्च भाँचिदिए। मलाई पनि "पसल बन्द नगरे गोलीले उडाइदिन्छु" भन्न थाले। त्यसपछि मैले पनि औषधी पसल बन्द गरें। अहिले बन्द भएको तीन दिनपछि पसल खोल्न पाएको भए पनि डराएर वरिपरिका गाउँहरूबाट अझैसम्म मान्छेहरू बजार आउन सकेका छैनन्।

**आयतुल खमिद मिया**

मेरो पसल र घटनास्थल नजिकै पर्छ। करिब छपटक पट् पट् गर्दै गोली पड्क्यो। मेरो पसलमा ग्राहक भएकोले मैले अरु केही देखिनँ। मेरो ग्राहक पनि डराएर पछि पछि सर्दै गयो। अरु केही भएन। मैले केही देखिनँ।

**ज्ञानुकुमारी श्रेष्ठ**

म घरबाहिर बसिरहेकी थिएँ। तलतिर गोली चल्यो भन्ने हल्ला खल्ला भयो। एकै छिनमा १६ जना सैनिक दौडिँदै आएर माथि डाँडातिर गए। तर धेरै माथि जान नसकेर फेरि बजारमै फर्के र चोकमा आउनासाथ सुरुमा दिनेश ढकाललाई "तैले माओवादी चिनिनस् ?" भनेर पीट्दै तल पुलतिर लाँदै थिए। त्यही बेला उताबाट जीवन श्रेष्ठ आएको देखेपछि



**सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते पारिएका मजदुर विरबहादुर लामा**

दिनेशलाई छोडेर उनलाई पीट्न थाले। जीवनलाई पीट्दा पीट्दै ज्ञानप्रसादलाई देखेर उहाँलाई पनि पीटे। हामी चाहिँ डराएर भित्र पस्यौं। तीन दिनसम्म त झ्याल पनि खोल्न पाइएन। सेना आएर "तिमीहरूलाई एक महिनासम्म घर भित्रै राखेर सडाएर मारिदिन्छु" भन्थे। कति दिनसम्म आउने गाली गर्दै देखे जतिलाई पीटे। पाँच गते हाम्रो ढोका अगाडि राखेको बेन्च पनि भाँचिदिएछन्। वरिपरिका साइनबोर्ड पनि केही राखेनन्। दिउँसो छुट्टाछुट्टै समूहमा सेनाहरू आउँथे र मनपरी गर्थे। पाँच गते तोडफोड गर्दा एक जना सेनाले "ए, विद्यार्थी आन्दोलन भैं त नगर न" भनेको पनि सुनेकी थिएँ। जस्ताको छानामुनि यस्तो गर्मीमा झ्याल खोल्न पनि नपाइने, घर बाहिरको चर्पी जान पनि नपाइने थियो। केटाकेटी आत्तिएर अहिले पनि सेना भनेको सुन्ने बित्तिकै "आयो आयो" भनेर भित्र पसेर ढोका लगाउन भन्छन्। व्यापार ठप्प छ। हामीलाई अरु कुरा भन्दा पनि अब आनन्दसँग बस्न पाए पुग्छ। अब यस्तो कहिल्यै नहोस्। सँगै बस्दा कहिलेकाहिँ यस्तो हुन्छ। तर अब आफ्नो पेशा गरेर आनन्दसँग बस्न पाए हुन्थ्यो भन्ने इच्छा छ।

**सरस्वती मानन्धर**

चार गते बिहान छ बजेतिर मैले पसल खोलेकी थिएँ। पुरानै ग्राहकहरू आइरहेका थिए। नयाँ कोही देखिएका थिएनन्। चहलपहल सामान्य थियो। सेना साढे नौ बजेतिर गस्तीबाट फर्केको थियो। दश बजेतिर म खाना खाएर पसल भित्रै बसिरहेकी थिएँ। पसलमा ग्राहक थिएनन्। अगाडिको पसलमा चार-पाँचजना मानिस थिए। एघार बजेतिर पटका पड्केजस्तो आवाज सुनें। त्यसपछि १४/१५ वर्षका जस्ता देखिने दुईजना केटाहरू हातमा छोटो सेतो देखिने हतियार ठाडो पार्दै "हाम्रो विजय भयो, खबरदार !" भन्दै माथि जंगलतिर भागे। उनीहरूको अर्को हातमा के को डल्लो पनि थियो, शायद बम होला।

अगाडिको पसलमा दुइजना सादा पोशाकका सेना पसलमा लडिरहेको देखियो। तलतिरबाट चार जना उनीहरूका साथीहरू आएर लडेकालाई हेरेर ब्यारेक तर्फ गए। उनीहरूले "हामीसँग हतियार छैन, साथीहरू ल्याउँछौं" भनेर गएका थिए।

पसलको छेउतिर एकजना छटपटाइरहेका थिए। उनीहरूको टाउकोबाट रगत बगिरहेको थियो। घटना भएको पाँच ५ मिनेटमै बजारबासीले स्ट्रेचर खोजेर ल्याई घाइतेलाई तत्काल स्वास्थ्यचौकी लगे।

यसपछि सेना बजारमा आएर "सब बन्द गर" भने। "झ्यालढोका नखोल्नू" भन्ने आदेश दिँदै हाम्रो साइनबोर्ड, गमला र फूल फालिदिए। पसल फुटाउँला जस्तो गरी ढोकामा लात्तीले हाने।

चार गते बन्द भएको ढोका एकछिनकै लागि भएपनि बाह्र गते मात्र खोल्न पाइयो। हामीलाई "तिमीहरू नजरबन्द छौ" भनेर सेनाले पटक पटक भनेको थियो। १२ गते पनि नौ बजेदेखि दुई बजेसम्म मात्र पसल खोल्ने अनुमति दिइएको थियो। गर्मीको समयमा भित्रै बसिरहनु परेकोले निकै निसास्सिएका थियौँ। पल्लो घरको मानिसलाई चर्पी गएको बेला बाहिर निस्केको भन्दै सेनाले पीटे।



**सुरक्षाकर्मीको कुटपिटबाट हात भाचिएका भूपू सैनिक टेकबहादुर श्रेष्ठ**

**सत्यवती श्रेष्ठ**
मेरो छोरा वसन्त श्रेष्ठ असार ७ गते स्कूलको झोला राखेर घर बाहिर निस्किएको मात्र थियो, सुरक्षाकर्मीले गालामा तीन-चार थप्पड हिर्काए। कान निमोठे। बत्ती काटिदिएकाले तीन दिन अँध्यारो कोठामा रात बिताउनु पर्‍यो। बाहिर आई ढोकामा लात्ताले हान्ने, "ज्यानमारा माओवादी पाल्ने तिमीहरूलाई यो बजारबाटै विस्थापित बनाउँछौं" भन्दै हिँड्थे। इट्टाले घरको छतमा हान्ने र आतंकित बनाउने काम समेत गरेका थिए। असार ५ गते देखि ९ गते सम्म बटुवालाई समेत पीटेका थिए। तालिममा सहभागी १६ वर्ष जतिको एक भाइले खुट्टामा समाएर "मलाई नपिट्नुस्, मेरो दाजु समेत आर्मी हो" भन्दा पनि नसुनी कुट्दा नाकबाट रगतको धारा बग्यो। भरियालाई समेत कुटपीट गरे।

**इश्वर श्रेष्ठ**
म माथिल्लो तलामा खाना खाँदै थिएँ। होहल्ला भएको सुनेर म तल आएर हेर्दा एकजना घाइते रहेछन्। मेडिकल पसले कृष्णबहादुर श्रेष्ठलाई तुरुन्त डाकेर ल्यायौं। तत्काल घाइतेलाई स्ट्रेचरमा राखेर उपचार गर्न लग्यौं। स्लाइन लगाउँदा लगाउँदै उसको मृत्यु भयो। स्ट्रेचरमा घाइते बोक्नेहरूमा सुरेन्द्र मानन्धर, बिलप्रसाद श्रेष्ठ लगायत थिए।

त्यसछि सेनाहरू होहल्ला गर्दै आए। मेरो घरमा आएर पसल राखेको सोलारको साइनबोर्ड र बेन्चसमेत फुटाएर फालिदिए। त्यसपछि १२ गते सम्म ढोका बन्दै राख्नु पर्‍यो।

**लक्ष्मी श्रेष्ठ**
बिहान ११ बजेतिर दुइ जना आएर "जिन्सको कट्टु छ कि छैन ?" भनेर सोधे। मेरो पसलमा थिएन। त्यसपछि उनीहरू "कस्मेटिक सामान किन्नुछ, अहिले आउँला है" भनेर अर्को पसलमा गए। एकैछिनमा तीन चार पटक पड्केको आवाज आयो। बाहिर निस्केर हेर्दा अघिकै दुईजना घाइते भएर लडेका रहेछन्। गोली हानेपछि माओवादी "खबरदार" भन्दै माथितिर भागे।

पुलमुनि बजार गएका तीनजना अरु सैनिकहरू सिट्ठी बजाउँदै पुलको छेउमा पुगेर ब्यारेक तिर हात हल्लाएर "आऊ" भन्ने इशारा गरे। त्यसपछि घटनास्थलमा पुगेर हेरे र तुरुन्तै अहिले आउँछौं भनेर ब्यारेकतिर गए।
त्यसपछि हामीलाई ढोका खोल्न पनि दिइएन। दिसापिसाब जान पनि मौका हेरेर जानु पर्थ्यो। असार १० गते घरनजिकै रहेका मेरा श्रीमान नगेन्द्र श्रेष्ठलाई एकजना सैनिकले बन्दुक ताकेर "मारिदिऊँ !" भनेको थियो। अर्को सैनिकले "भो नगर" भनेपछिमात्रै छोडिदियो। "गण्डकीले बच्चा बगाएको छ रे" भन्ने हल्ला सुन्यौं। के भएछ भनेर हामी बाहिर निस्केर हेर्न लाग्दा फेरि ब्यारेकबाटै फायरिङ गरे।

**एक प्रत्यक्षदर्शी**
पाँच गते बिहानै सेनाहरू आए। उनीहरूले बाहिर भएका सामान फालिदिए। मेरो पसलको तीन क्रेट जति कोकको खाली बोतल फुटाइदिए। भेटेरिनरीको साइनबोर्ड पनि कुच्याइदिए। फर्किंदा "माओवादी जिन्दावाद" भन्दै फर्केका थिए।

**ऋषि प्रसाद बढु**
पाँच गते सेनाहरू सामान फाल्दै आए। हामी हत्तपत्त ढोका बन्द गरेर भित्र पस्यौं। बोर्ड र कोकका बोतलहरू सडकमा फालिदिएका थिए। भेटेरिनरीको बेन्च र बोर्ड तोडफोड गरेर फर्कदा "माओवादी जिन्दाबाद" भन्दै फर्केका थिए। भोलिपल्ट ब्यारेक तल भञ्ज्याङमा एक जना गुरुङ सहायक लेफ्टिनेन्टले "हाम्रा केटाहरूबाट सानातिना गल्ती भएको हुन सक्छ, त्यसलाई सामान्य ठानेर पसल खोल्नुहोस्" भन्ने आग्रह गरेका थिए।

**प्रशासन तथा सुरक्षाकर्मीको भनाइ**

**तारानाथ गौतम**
( प्रमुख जिल्ला अधिकारी, गोरखा)
आरुघाट बजारमा दिउँसै निशस्त्र दुईजना सुरक्षा फौजका सिपाहीहरूमाथि आक्रमण गरि हत्या गर्ने माओवादी आतंककारीहरूको सबै पक्षले विरोध गर्नु पर्छ। तर हामीले आरुघाट बजारमा निषेधाज्ञा जारी गरेका छैनौं। हाम्रा सुरक्षा स्रोतले कसैमाथि पनि कुटपीट गरेको छैन। सुरुका दिनहरूमा छानबिन गर्ने क्रममा बजार बन्द गरिएको हुन सक्ने र अरु दिनहरूमा आरुघाट बजार जनता आफै डरले बन्द गरेका हुन्। प्रशासनलाई दोष दिन सानो निहुँ पनि

काफी हुन्छ। शान्ति सुव्यवस्था कायम गर्ने सिलसिलामा सानातिना घटनाहरू त भइहाल्छन्। तिनलाई ठूलो रूपमा लिनु हुँदैन। प्रशासन संधैं जनतासँग राम्रो सम्बन्ध रहोस् भन्ने चाहन्छ।

संयुक्त सुरक्षा फौज रहेको सो क्षेत्रमा रुख ढलेर तार छिनालेको कारणले बत्ती गएको हो। कसैको दबाबमा लाइन काटिएको होइन। कुनै पनि घटना भइसकेपछि सो क्षेत्रको सुरक्षाको प्रत्याभूतिको लागि कतिपय कुराहरूमा जनताले पनि सुरक्षा निकायलाई सहयोग गर्नु पर्छ। सुरक्षाको सम्बन्धमा जिल्लागत सीमानाले बाधा गर्दैन। जनता र क्षेत्रीय सुरक्षा नै सुरक्षा निकायको प्रमुख सवाल हो।

**रामशरण चिमोरिया**

(प्रमुख जिल्ला अधिकारी, धादिङ)

सादा पोशाकमा बजारमा सामान किनमेल गर्न हिँडेका दुइजना निशस्त्र सुरक्षाकर्मीहरू असार ४ गते आरुघाट बजारमा माओवादीहरूबाट मारिएको भन्ने कुरा सुनेको छुँ। निशस्त्र व्यक्तिलाई मारेर माओवादीहरूले जघन्य अपराध गरेका छन्। यस घटनाको सही र निष्पक्ष छानबिन हुनुपर्छ। मैले थाहा पाएसम्म छानबिनका क्रममा सुरक्षाकर्मीबाट बजार बन्द गराइएको छ। जहाँसम्म कर्फ्युको कुरा छ, त्यो सत्य होइन। कर्फ्युको आदेश प्रशासनबाट मात्र जारी हुने भएकोले मबाट त्यो आदेश जारी भएको छैन। त्यसैले कर्फ्यु लागेको भन्न मिल्दैन। बाँकी कुरा तपाईंहरू स्वयं घटनास्थल जाँदै हुनुहुन्छ, त्यहाँबाट थाहा पाइहाल्नु हुनेछ।

**रुद्रदेव पाण्डे**

(सहसेनानी, संयुक्त सुरक्षा बेस क्याम्प, आरुघाट)

असार ४ गते हाम्रा दुईजना निहत्था केटाहरू, सिपाही दिलिप मुखिया र प्युठ सुनील  कुमार तामाङ्गको किनमेलको क्रममा आतंककारीहरूले गोली हानेर हत्या गरेका हुन्। हाम्रा केटाहरू मारिएपछि छानबिनको क्राममा वा हाम्रा केटाहरू दौडिँदा कसैमाथि ठेस लागेको हुन सक्छ, कसैलाई धक्का लागेको हुन सक्छ। त्यसलाई कुटपीट भएको मान्नु हुँदैन। हामीले कसैलाई पनि जबर्जस्ती बजार बन्द गराउने, कुटपीट गर्ने गरेका छैनौं। उनीहरूले आफै डरले नखोलेका हुन्। उनीहरूले आफ्नो व्यवसाय निर्धक्क भएर गर्न सक्छन्। बत्तीको लाइन बेलाबखत हुने लोडसेडिङ्गको कारण लाइन गएको हुन सक्छ। अरु कुराहरूको जानकारी दिन हामीलाई आदेश छैन।

**भाइकृष्ण खत्री**

(प्रमुख सेनानी, महेन्द्रदल गण, गोरखा)

असार ४ गते किनमेल गर्न गएका हाम्रा दुईजना नि:शस्त्र सेनाहरूलाई आतंककारी माओवादीहरूले पसलभित्रै गोली हानेर हत्या गरेका हुन्। त्यसपछिको अवस्थाको बारेमा तपाईहरूलाई नै बढी थाहा छ। मैले केही बोल्नै पर्दैन। १३ औं दिनमा समवेदना व्यक्त गरेका छौं। यस सम्बन्धमा मेरो थप केही भनाइ छैन।

**माओवादी पक्षको भनाइ**

**शैलेश**

(माओवादीका धादिङ मध्य क्षेत्रीय जनसरकार प्रमुख तथा पार्टीको जिल्ला कमिटी सचिवालय सदस्य)

असार ४ गते धादिङको सल्यानटार गाउँ जनसमितिको आरुघाट इलाकामा जनताको महान जनयुद्धलाई विफल तुल्याउन नक्कली माओवादी बनी लुटपाट मच्चाउने, चेलिबेटीको इज्जत लुट्ने र अन्य आपराधिक कार्यमा संलग्न दुईजना दिलिप मुखिया र सुनील  तामाङलाई जनसेनाको सुरक्षा गस्तीले कारबाही गर्दा ती दुवै जना मारिएका हुन्। विभिन्न अपराधमा संलग्न भएबापत उनीहरूलाई सफाया गरिएको हो। जहाँसम्म निशस्त्र अवस्थाको व्यक्तिलाई मारियो भन्ने हल्ला छ, त्यो गलत हो। उनीहरू सफायाको सूचीमा परिसकेकाले जनसेनाले सतर्कतापूर्वक सफल कारबाही गरेको हो।

बैशाख २७ गते गुम्दी गाविस ८ का स्थानिय बासिन्दा पञ्चकन्या प्रा.वि., फलाङ्गेका प्रधानाध्यापक एवं माओवादी समर्थित अखिल नेपाल शिक्षक संगठन (क्रान्तिकारी) का जिल्ला समिति कोषाध्यक्ष गोविन्द सिम्खडाको निशस्त्र अवस्थामा बीसौं राउण्ड गोली प्रहार गरी हत्या गरेको बिषयमा छानविन गरिदिन आफ्नो पार्टीले गरेको आग्रहलाई बेवास्ता गर्ने मानव अधिकारवादीहरू कस्को निर्देशनमा चलखेल गर्ने गरेका छन् भन्ने तथ्य आरुघाट घटनाबाट पुष्टि

भएको छ। मानवअधिकारवादीहरू निष्पक्ष ढंगबाट गर्न चाहन्छन् भने गुम्दी घटनामा मारिनु भएका निशस्त्र एवं निर्दोष शिक्षक गोविन्द सिम्खडाका बारेमा पनि छानबिन गर्न घटनास्थल पुग्नु पर्ने, खहरेबजारमा तथाकथित शाही अमेरिकी सेनाबाट निर्घात पिटिनु भएका शिक्षक, विद्यार्थी र व्यापारीहरूका बारेमा पनि खोजतलास गरी सत्यतथ्य पत्ता लगाई अपराधीको पहिचान गर्न अग्रसर होस् भन्ने हाम्रो पार्टी चाहन्छ। हाम्रो नीति अनुसार दुईजनाको सफाया गरिएको हो। यस घटनापछि उत्पन्न समस्या र सर्वसाधारणलाई दु:ख दिने कार्य शाही अमेरिकी सेनाबाट भएकोमा दु:ख व्यक्त गर्दछौं।

**उद्योग वाणिज्य संघका पदाधिकारीका भनाइ**

**दिनेश ढकाल**
(अध्यक्ष, उद्योग बाणिज्य संघ, आरुघाट इकाई, धादिङ)
धादिङ जिल्लाको सल्यानटार गाविस. वडा नं ८ मा पर्ने आरुघाट बजारमा साना ठूला गरी २ सय वटा पसलहरू छन्। तीमध्ये ५० वटा जति ठूला पसल पर्दछन्। बजार क्षेत्रमा बसोबास गर्ने जनसंख्या १ हजार २ सय जति छ। हरेक वर्षको असार देखि भदौसम्म मोटर नचले पनि बाँकी महिना यातायात सम्पर्क हुने आरुघाट बजारमा २०६२ साल असार ४ गते जुन घटना भयो, त्यो अत्यन्तै दु:खदायी र बिर्सन नसक्ने भएको छ।

शनिबारको दिन बजारमा चहलपहल अलि बढि नै हुने भएकाले असार ४ गतेपनि बजारमा चहलपहल देखिन्थ्यो। बिहानैदेखि मानिसहरू आवतजावत भइरहेकाले म पनि आफ्नो किराना पसलमा बसिरहेको थिएँ। ११ बजेर २० मिनेट जति भएको थियो होला, “पुलको छेउमा मान्छेलाई गोली हानेर माऱ्यो” भन्दै मान्छेहरू दौडन थाले। म पनि तत्काल घटनास्थल पुगें। घटनास्थल पुग्दा दुईजना सुरक्षाकर्मीलाई निशस्त्र अवस्थामा गोली हानेको र एकजनाको घटनास्थलमै मृत्यु भएको थाहा पाएँ। म पुग्दा एकजनाको लास सुरेन्द्रको फेन्सी पसलभित्र रगताम्मे अवस्थामा लडिरहेको देखें। अर्को एकजनालाई स्थानीय साथीहरूले स्ट्रेचरमा राखेर पुलपारी उपचारका लागि लगेको थाहा पाएँ।

त्यति भएपछि घटनाका बारेमा साथीहरूसँग छलफलगर्दै दु:ख मनाइरहेको बेला पारी व्यारेकबाट आएको सुरक्षा फौजले बजार बन्द गर्न निर्देशन दिँदै सबैलाई घरभित्र बस्न भनेकाले घरबाहिर भएका मानिसहरू हतार हतार गर्दै आफ्नो घरतिर जान लाग्दै थिए। सुरक्षाकर्मीले अन्धाधुन्ध रूपमा मानिसहरूलाई पीट्न थाले। त्यतिखेर क-कसलाई पीटे भन्ने बारेमा थाहा पाउनै सकिएन। त्यो दिन डर त्रासमा बित्यो। बजार सबै बन्द रह्यो। कोही बाहिर निस्कन पाएनन्। चार गतेको घटनापछि आक्रोशित देखिएका सुरक्षाकर्मीले दिएको पीडाबाट कोही पनि अछुतो रहेन। बाटोमा हिँड्ने बटुवा देखि १० वर्षका स्कुले बालक पनि सुरक्षाकर्मीबाट पिटिए। सो कारणले मानिसहरू चिच्याहट तथा रुवाबासी भयो। असार ४ गतेदेखि बजार क्षेत्रमा कर्फ्यु लगाइएकाले घरको झ्याल ढोका समेत खोल्न पाइएन। बिजुलीको लाइन पनि असार ७ गतेदेखि बन्द गराइयो। ७२ घण्टा आरुघाटबासीले बन्दी भएर बिताउनु पर्‍यो। त्यस्तो नजरबन्द सकिएपनि दुईजना भन्दा बढी मान्छे सडकमा निस्कन नपाउने, पसल खोल्न नपाउने अवस्था अहिले पनि यथावत छ। बजार बन्द हुँदा दैनिक पाँच लाखसम्मको घाटा भइरहेको छ।

**वसन्त श्रेष्ठ**
(अध्यक्ष, नेपाल उद्योग वाणिज्य संघ, आरुघाट इकाई समिति, गोरखा)

चार गतेको घटनापछि आरुघाट बजार निरन्तर आतंक्ति भइरह्यो। सुरक्षाकर्मीहरूले जथाभावी कुटपीट र तोडफोड गरिरहे। बिजुलीको लाइनसमेत काटियो। कुटपीटको शृंखला अझै सकिएको छैन। असार १२ गते मात्रै पनि मेरो भाइ रमेश श्रेष्ठलाई बोलाएर कुटेका छन्।

हाम्रो गोरखातिरको बजारमा मात्रै ८० भन्दा बढी पसलहरू छन्। ती पसलहरूमा करिब करिब सात-आठ लाखको दैनिक कारोबार हुन्छ। घटना पछि अहिलेसम्म पनि गाउँलेहरू ढुक्क भएर बजार आउन सकेका छैनन्। पसल पनि ढुक्क भएर खोल्न पाइएको छैन।

**निष्कर्ष तथा सुझाव**

पीडित तथा स्थानीयबासीहरूको भनाइ अनुसार असार ४ गते भर्खरै गस्तीमा गएर फर्केका छजना सुरक्षाकर्मी किनमेलको लागि धादिङ जिल्लामा पर्ने सल्यानटार गाउँ विकास समिति वडा नं ८, विशालनगर बजारमा आएका थिए। किनमेल गरिरहेकै अवस्थामा बाहिरबाट आएका दुईजना माओवादीले दुईजना सैनिकलाई नजिकैबाट गोली प्रहार गरे। तीमध्ये एकजनाको घटनास्थलमा नै र अर्को एकजनाको उपचारको क्रममा स्थानीय स्वास्थ्य चौकीमा निधन भयो।

उक्त घटनाबाट आतंकित आमजनताको संरक्षण गर्नुको सट्टा सुरक्षाफौजले उनीहरूलाई थप आतंकित पार्ने व्यवहार प्रदर्शन गरे। त्यस क्रममा आक्रोशित सुरक्षाकर्मीको समूहले धादिङ र गोर्खा दुवैतिरका बजारहरू बन्द गर्न लगाई व्यापक कुटपीट र तोडफोड गर्न थाले। कुटपीट र तोडफोडको क्रम त्यसपछिका आठ दिनसम्म पनि लगातार चलिरह्यो। यसबीचमा पाँच दिन सुरक्षाकर्मीले विद्युतको आपूर्तिसमेत बन्द गर्न लगाई बजारबासीलाई शारीरिक तथा मानसिक यातना दिएको पाइन्छ। चार गतेदेखिनै गोरखातर्फ रहेको सार्वजनिक टेलिफोनको लाइन काटिएको छ। पाँच गते कुटपीट र तोडफोड गर्दै हिँडेका सुरक्षाकर्मीको समूहले "माओवादी जिन्दावाद" भन्दै नारा लगाएको समेत सर्वसाधारणले बताएका छन्।

घटनास्थल वरपरका जनताप्रति स्थानीय प्रशासनको कुनै सहानुभूति नरहेको अनुभव मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको अध्ययन टोलीले गरेको छ।

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको अध्ययन टोली घटनास्थलबाट फर्किएपछि सदरमुकाम आएका स्थानीयबासीले दिएको जानकारी अनुसार सुरक्षाकर्मीले "मानवअधिकारवादीलाई किन बोलाएको ?" भन्दै सर्वसाधारणसँग पुनः कडा सोधपुछ गरेको जानकारी समेत प्राप्त भएको छ।

घटनाका सम्बन्धमा प्रकाशित सामग्री, स्थलगत अध्ययन र घाइते, उद्धारकर्मी, प्रत्यक्षदर्शी तथा स्थानीय प्रशासन, सुरक्षा निकायसँगको भेटघाटका आधारमा तथ्य संकलन टोली केही ठोस निष्कर्षमा पुगेको छ। आरुघाट घटनाले द्वन्द्वरत दुवै पक्षको बीचमा सर्वसाधारण कसरी पिल्सिएका छन् भन्ने कुराको स्पष्ट उदाहरण प्रस्तुत गरेको छ। द्वन्द्वमा सम्मिलित दुवै पक्ष आफ्नो स्वार्थ पूर्तिको धूनमा सर्वसाधारण नागरिकप्रतिको दायित्व र मानवअधिकारप्रति असंवेदनशील रहेको र सामान्य नागरिकलाई प्रत्यक्ष/परोक्ष रूपमा ढाल बनाउने तर्फ उद्यत रहेको स्पष्ट देखिन्छ।

लडाइँमा संलग्न नरहेका निःशस्त्र र सादा पोशाकका सुरक्षाकर्मीको माओवादीद्वारा हत्या र त्यसपछि सुरक्षाफौजले सर्वसाधारण उपर गरेको व्यवहारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको पूर्ण रूपमा उल्लंघन भएको छ।

माओवादीले लडाइँमा संलग्न नरहेका निःशस्त्र सैनिकहरूको हत्या गर्ने कार्य गरेकोले यसबाट जेनेभा महासन्धिको धारा ३ को पूर्ण रूपमा उल्लंघन भएको छ।

साथै मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ३, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ६ तथा नेपाल अधिराज्य को संविधान २०४७ को धारा १२ (१) अन्तर्गत प्रत्याभूत बाँच्न पाउने अधिकारको उल्लंघन भएको छ।

त्यसै गरी सुरक्षाफौजले पनि लडाइँमा संलग्न नरहेका सर्वसाधारण जनताको शरीर विरुद्ध हिंसा तथा यातना दिने कार्य गरी त्यस्ता कार्य गर्न निषेध गर्ने जेनेभा महासन्धिको साझा धारा ३ को उल्लंघन गरेको छ।

मानवअधिकार सन्धि अनुगनमन समन्वय समिती अब उप्रान्त लडाइँमा संलग्न नरहेका सर्वसाधारण जनताको शरीर विरुद्ध हिंसा तथा यातना दिने कार्य नगर्न र आक्रमणको निशाना नबनाउन समेत सम्बन्धित पक्षहरूलाई आग्रह गर्दछ।

माओवादीले मानवताविरुद्धका घटनाहरू शृंखलाबद्ध तवरमा बढाइरहेकोले मानवता विरुद्धका अपराध गर्ने अपराधीलाई अन्तर्राष्ट्रिय रूपमै रोम विधान १९९८ अनुसार स्थापित अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट सजायँ गराउन तत्काल रोम विधान अनुमोदन गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समिति सरकारसँग अनुरोध गर्दछ।

साथै संघर्षमा भाग नलिने निशस्त्र व्यक्तिहरूलाई मानवीय व्यवहार गरिने र त्यस्ता व्यक्तिहरूको जीवन, स्वास्थ्य र शारिरीक तथा मानसिक अवस्थाविरुद्ध गरिने हिंसा, खासगरी हत्या, यातना, अंगभंग र अन्य कुनै प्रकारको भौतिक सजायँजस्ता अमानवीय व्यवहारहरू भैरहेकोले त्यस्ता कार्य निषेधित गर्ने जेनेभा महासन्धिको दोश्रो आलेख पनि तत्काल अनुमोदन गर्न अनुरोध गरिन्छ।

अत्यन्त विश्वस्त सूत्रका अनुसार आरुघाट सानो जलविद्युत केन्द्र, आरुघाटलाई बजारको विद्युत आपूर्ति काट्ने आदेश सेनाको लप्टनद्वारा नै दिइएको हो। असार ७ गते केन्द्रका कर्मचारीलाई बोलाएर लाइन काट्ने आदेश दिइएको बुझिन्छ। उक्त आदेश बमोजिम लाइन काटिएको समेत बुझिएको छ। असार ७ गते देखि काटेको लाइन असार ११ गते मात्रै सुरक्षा निकायको आदेशमै जोडिएको बताइन्छ। केन्द्रको क्षमता १५० किलोवाट रहेको छ। विशालनगरमा जम्मा २०० घरधुरीले केन्द्रको सेवा उपभोग गर्छन। लाइन काटेको बेलामा दिनको रु. ३ हजारको दरले केन्द्रलाई घाटा लागेको बताइन्छ।

असार ४ गते माओवादीहरूबाट गरिएको मानवीय कानुनका ठाडो उल्लंघन र त्यसपछिका दिनमा सुरक्षाकर्मीबाट सुझबुझ बेगर गरिएको ज्यादतिका कारण आरुघाटबासीहरूको जनजीवन थप कष्टकर बन्न पुग्यो। यसबीच स्थानीय स्वास्थ्यकर्मी, सरकारी कर्मचारी र बालबालिकादेखि वृद्धवृद्धासम्मका स्थानीय बासिन्दाले कुटपीटको शिकार हुनु परेको छ।

आरुघाटको उल्लेखित घटनाक्रम नेपालको सशस्त्र द्वन्द्वमा सर्वसाधारण कतिसम्म अमानवीय ढंगले पिल्सिएका छन् भन्ने कुराको ज्वलन्त उदाहरण हो। दुई सैनिकको हत्याका सम्बन्धमा माओवादीका जिल्ला स्तरीय नेताको प्रतिकृयाका आधारमा उक्त पार्टी पंक्तिमा मानवअधिकार तथा मानवीय कानुन सम्बन्धी जानकारी अत्यन्त न्यून रहेको देखिन्छ। स्थानीय प्रशासनको अकर्मण्यता, सुरक्षा निकायहरूको होशबिनाको आक्रोश र माओवादीका स्थानीय नेतृत्वको अत्यन्त गैरजिम्मेवार अभिव्यक्तिलाई नियाल्दा आरुघाट वरपरका सर्वसाधारण भविष्यमा अझ बढी दोहोरो मारमा पर्न सक्ने प्रबल संभावना रहेको बुझिन्छ।

**अनुसुची १**

**सुरक्षाकर्मी को कुटाइबाट घाइते तथा पिडित सर्वसाधारणहरूको नामावली**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | जीवन श्रेष्ठ | २. | ज्ञानप्रसाद अधिकारी | ३. | दिनेश ढकाल |
| ४. | दीपेन्द्र कँडेल | ५. | भगवान श्रेष्ठ | ६. | अमरदीप श्रेष्ठ |
| ७. | रामचन्द्र श्रेष्ठ | ८. | मनित आले | ९. | नरेन्द्र श्रेष्ठ |
| १०. | सुरेन्द्र श्रेष्ठ | ११. | संगीता श्रेष्ठ | १२. | राधा श्रेष्ठ |
| १३. | उदय श्रेष्ठ | १४. | टेकबहादुर श्रेष्ठ | १५. | भमिसेन थापा |
| १६. | जुठे सार्की | १७. | भीमे सार्की | १८. | अमृत परियार |
| १९. | सुन्दर श्रेष्ठ | २०. | राजेन्द्र अधिकारी | २१. | रामकृष्ण शर्मा |
| २२. | सीपबहादुर श्रेष्ठ | २३. | सीताराम दाहाल | २४. | कृष्ण श्रेष्ठ |
| २५. | दीपक ढकाल | २६. | चामनारायण श्रेष्ठ | २७. | सन्तबहादुर घले |
| २८. | जोगराज गुरुङ्ग | २९. | शिवबहादुर श्रेष्ठ | ३०. | विदुर शाक्य |
| ३१. | लेक लामा | ३२. | सुन लामा | ३३. | लेक्का तामाङ्ग |
| ३४. | सार्की तामाङ्ग | ३६. | वीरबहादुर लामा | ३७. | बेलामा तामाङ्ग |

नाम उपलब्ध हुन नसकेका खानेपानी योजना सन्चालन सम्बन्धी तालिमका सहभागी पुरुषहरू २७ जना

अनुसूची २

**स्थानीयबासीले मानवअधिकार अनुगमन टोली समक्ष दिएका निवेदनहरू**

श्री

मिती ०६२-३-१५

श्रीमान मा. अ. क. ज्यू !!!

विषय : ०६२-३-४ गते सनिबार आरुघाट घटना, धामी सर्वसाधारणले भोगेका घटनाको गुनासो बारे !!

महोदय :

उक्त दिन धामी जिल्ला खानेपानी तथा सरसफाई कार्यलयले दिईने निर्माण आदिको तालिममा सहभागी हुन यतै आरुघाट खानेपानीको कार्यलयमा असार ४ गते बिहान ८ बजे देखि सम्मिलित तिन ग्रुप-

(१) महोरे + भंग्रेरी खानेपानी उपभोक्ताको पदाधिकारी जना १२

(२) लकुवा + कुवाचुम का - ११ जना

(३) डोडेनी + गलनी खा. पा. उ. को प. ११ जना

लगायत प्रसिक्षक

(१) जिल्ला खा. पा. यो का ओभरसियर सिताराम पाण्डे

(२) जि. खा. पा. तथा सरसफाई कार्यलयबाट तृतिय श्रेणिका पारस ढकाल

(३) जि. खा. पा. का. बाहिरका ओभर ज्यू हुनु हुन्थ्यो । साथमा आरुघाट बिशाल बजार खाने पानि उपभोक्ता समितीका पदाधिकारी

पिउँसो २ बजे तिर लगभग साविक लागेको
थियो त्यहि बेला सुरक्षा फौज बजार हुँदै
मालिक हरु पिट्दै घरका ढोकामा हान्दै
आए त्यसै बेला तालिम सहभागी पजनले
बाहिर आएर हामी लाई घर जान दिन
आग्रह गर्दा गाली खवाबाय मिज बसमनो
जवाफ दियो । त्यस पछि हामी अर्यालको
बन्द गरेर मिज आफ्नो काममा लाग्यौं ।
केहि बेर पछि तिनीहरु माथी आई हामीहरु
लाई साथी ओमा सिंयल जुलाई गाली गर्दै
भन्न लागे कुखुरा को कर दियौं भने
[illegible] कसैले पानी दिये भन्न सकेनन र
आनि तिमीहरु सबै माओवादी हो
हो भनेर हेन भनी धकाउन थाले त्यसमा
कोहि बोल्न सकेन र ओमा सिंयल लाई
गाली साथै लच्छा पच्छार गरेर त्यस पछि
हामी सबैलाई तेल फिल्डमा ल्याई साथै
साथी पिट्नो गर्न लागे । त्यस मध्ये आलि
लिडर वाला लाई बढी पिट्दै लाचो हाता
बन्दुक कुन्दा लगाएर गालले सखेट भाकै
गाली ~ गरेर मुई मरु अरको थियो
आईमाई लाई गाली गर्दै भगाए । त्यस
पछि छोरा मान्छेलाई बाहिरमा राखेर
भाए सम्म पिटे । त्यस मध्ये बसेरी गा.वि.स
भदौरे वार्ड नं ६ का तिलाचार ६ कोल को
छोरा कोषअध्यक्ष धन बाल ६कोल लाई
४-५ जना ले अस्पताल सम्म जाउ पिटे कारण

(१) अध्यक्ष - गिरराज श्रेष्ठ
(२) सचिव - बाबु श्रेष्ठ

लगायत अन्य १, २ जना बुद्धीजिवी हरु पनि सहभागी रहनु भएको थियो। त्यस दिन हामी हरु को प्रसिक्षण भइरहेको समयमा तल घटना घट्न गएछ। त्यसको आधा घण्टा पछि सुरक्षा फोर्स यस तालिम केन्द्र भित्र पसि सोध पुछ साथै गालि गलौज गरी हामी सहभागी लाई तल आगन त्यहाँ गाल गर्न लागे त्यसमा १ जना बाटो को जालि भर्न काम गर्ने बुढा मान्छे लाई लात्ताले हान्दा अगाडी ढोकामा ढोको निधारमा गहिरो चोट लाग्यो - ढलाई जुलो केही पुछ्न न। त्यस पछी हामी सबै माथि [illegible] तालिम केन्द्र मा गई बस्यौं अस्पताल ढोका बन्द गर्न आदेश दिए। हामीले बन्द गरी बस्यौं। साथै आफ्नो कामका लागि रुकावट भयौं। र जानकारीहरु कोलागी नाम लिएर लैगी बुझायौं। र सतो जो तालिममा सहभागी सबै जना अगाडी साजन होटल मा बास बस्यौं। भोली पल्ट अर्थवा पुगतो बिहान ६ बजे बार हामि तालिम केन्द्रमा जम्मा भयौं। समय र परिवेष लाई हेरेर हामीले तालिम छिटो सकन आग्रह गर्‍यौं।

कृपया अर्को पन्ना हेर्नु होला।

के भने १८, १९ वर्षको केटा कक्षा १० मा
अध्यानरत केटा उसको बुवा त्यस दिन अस्वस्थ
भ भई छोरा लाई पठाएका थिए।
त्यस लाई ८-१० धरपड छाने पर्छ रहेछ
भन्यो मेरो बाजु पनि तपाई हरु जस्तै
जागिर खाएका हुन भन्दा भन आवेगमा
आई ४-५ जनाले सकेजति हाने। त्यसपछि
लाईनमा रहेको बुढा भू.पू. सैनिक
पाले सबैलाई कुवा बाली पारेर
भाग भन्दै चुट्दै दौडाए लखेट्दै
४०, ५० मिटर खेदे। अब भन्नोस
यहा कतिको सान्ती सुरक्षा पाईयो
यस कुरा ख्याल पनि कहिल्यै गर्दो होरो
योस भन्नो यहा हरु लाई जानकारी
गराउँदछु

निबेदक
मैग्रेरी + भदौरे खा.पा.यो. का
उपभोक्ता हरु बसेरी

म ललित बहादुर मिश्रलाई पुर्खा-
फौजले य आफ्नै घरको आँगनीमा बन्दुक
पनि विभिन्न कि गाली गरी, नेता नहो-
साले भनको र गाली नपाके गाली हाम्रो
समेत भनेकोले र घामा कसैलाई बाहि-
निस्कन नदिई ठोकामा ल्याउले हामी तिमी
हरू सबै माओवादी हौ सबैलाई विस्थापित
गरिदिइन्छ, जस्ता डरा गोपनि जोर भनि
भनेकोले मैले गुनासो तपाईं मानव अधि-
वादी हरूलाई अनुरोध गर्दछु ।

ललित बहादुर मिश्र
विसालनगर

दर्ता नं. ०८/२०४८
✆ ०१०-५२०१२०
Fax-010-520120

# धादिङ उद्योग वाणिज्य संघ
## (DHADING CHAMBER OF COMMERCE & INDUSTRY)

चलानी नम्बर : ४९९/०६१।६२
मिति : २०६२।३।१२

विषय : जानकारी सम्वन्धमा ।

ध्रुवबहादुर थापा ५२०३३४
*अध्यक्ष*
तेजबहादुर भण्डारी ५२०१९२
*नि:वर्तमान अध्यक्ष*
जगन्नाथ नेपाल ५२९१२३ (सं.)
*उद्योग उपाध्यक्ष*
गोविन्दकुमार श्रेष्ठ ५२०१८७
*वाणिज्य उपाध्यक्ष*
चन्द्रकान्त अधिकारी ५२९१७७ (सं.)
*महासचिव*
हरिबहादुर श्रेष्ठ ५२००२१
*कोषाध्यक्ष*
भुवनप्रसाद घरेल
*सचिव*
*सदस्यहरू :*
टंककुमार श्रेष्ठ ५२०१५१
रूद्रबहादुर खत्री ५२०२५९
कृष्णबहादुर कँडेल ५२००७८
खडानन्द त्रिपाठी ५२९१३५ (सं.)
विष्णुकुमार श्रेष्ठ ५२०३७५
बलराम लम्साल ५२०२५४
हिरा त्रिपाठी ५२९१९१
*मनोनित सदस्यहरू :*
अमृतबहादुर अधिकारी ५२०१७५
भुवन श्रेष्ठ ०१-४२८५५४४
सञ्जय अधिकारी

श्रीमान् अध्यक्षज्यू
नेपाल उद्योग वाणिज्य महासंघ टेकु काठमोडौं ।

महोदय,

देशमा चलिरहेको वर्तमान द्वन्दका कारण हामी विशुद्ध व्यवसायीहरुमा पटक पटक दु:ख कष्टहरु व्यहोर्दै आएको व्यहोरा यहाँलाई अवगत भएकै कुरा हो ।

उक्त शिलसिलामा यस धादिङ जिल्ला सल्यानटार गा.वि.स. वडा नं. ८ आरुघाट बजारमा यही २०६२।३।४ गते दिनको ११:१५ बजे तिर अज्ञात व्यक्तिहरुले दूई जना निसस्त्र सुरक्षाकर्मिहरु माथि गोलि चलाई हत्या गरेको र केहि समय पछि आएको आक्रोशित सुरक्षा कर्मिद्वारा स्थानीय व्यवसायी तथा सर्वसाधारण मानिसहरुलाई कुटपीट गर्ने, बजार बन्द गराउने र आवत जावत गर्न वन्देज लगाई विद्युत लाईन समेत वन्द गराएको हुदा सो क्षेत्रमा सहज वातावरण कायम गर्न आवश्यक सहयोग गरि दिनुहुन अनुरोध गर्दछु । साथै धादिङ जिल्लाका क्रियाशिल नागरिक समाजको तर्फबाट भएका निर्णय प्रतिलिपी समेत यसै साथ समलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

सहयोगको लागि धनयवाद ।

भवदीय

(ध्रुवबहादुर थापा)
**अध्यक्ष**

"स्वर्णिम भविष्यको लागि उद्यम"

# धादिङ उद्योग वाणिज्य संघ

**सम्पर्क ईकाई कार्यालय**

सल्यानटार, आरुघाट, धादिङ

मिति :- २०६२।३।१२

श्रीमान अध्यक्ष ज्यू

धादिङ उद्योग वाणिज्य संघ

धादिङ ।

विषय - शैनिकको हत्या पछि नवौं दिन सम्म बजार बन्द भएको जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यहि मिति २०६२ साल आषाढ ४ गते बिहान ११ बजे शनिवारको दिन सल्यानटार गा०बि०स वडा नं ८ आरुघाट विशालनगरका एक कपडा, फेन्सी व्यापारीको कपडा पसलमा हतियार धारि केही समूहले दुई शैनिकको हत्या गरे पछि यहाँको सुरक्षा फोजबाट ४ गते देखि १२ गते सम्म पनि बजार बन्द गराइ चारै तिर आवाज जावत समेत बन्द गराई बजार बासी जनतालाई कुरफिट गरि घरबार बाहिर निस्कीन नदिइ तनाब ग्रास्त गरी बजारको जनजिबन अस्तव्यस्त भएकोले हाम्रो व्यापारी सस्था धादिङ उद्योग वाणिज्य संघ समक्ष अनुरोध सहित जानकारी गराउदै विभिन्न संघ सस्था मानवअधिकारवादी, जिल्ला प्रशासन र पत्र पत्रिकाबाट पनि प्रचार प्रशार गरि दवावको लागी काम कावाई गरि दिनु हुन हामी बजार बासी सहित आरुघाट विशालनगर उद्योग वाणिज्य संघ सम्पर्क कार्यलय विनम्र अनुरोध गरिन्छ ।

दिनेश कुमार ढकाल

अध्यक्ष

धादिङ उद्योग वाणिज्य संघ

सम्पर्क कार्यालय आरुघाट

विशालनगर धादिङ ।